रुरुक्षेत्र गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः ३ मितिः २०८०/०३/१३ (अतिरिक्तांक)

भाग-१

रुरुक्षेत्र गाउँपालिका

गुल्मी, लुम्बिनी प्रदेश

## रुरुक्षेत्र गाउँपालिकाको विनियोजन ऐन- २०८०

सम्बत २०८० को ऐन नं. ३ गाउँसभाबाट पारित मिति :२०८०/०३/१३

# रुरुक्षेत्र गाउँपालिकाको विनियोजन ऐन- २०८०

रुरुक्षेत्र गाउँपालिका आर्थिक वर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केहि रकम खर्च र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,

प्रस्तावनाः

रुरुक्षेत्र गाउँपालिका आर्थिक वर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केहि रकम खर्च गर्ने अधिकार र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम रुरुक्षेत्र गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम रुरुक्षेत्र गाउँपालिकाको विनियोजन ऐन-२०८० हुनेछ।
   (२) यो ऐन २०८० साल श्रावण १ गते देखी प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०८०/०८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः
   आर्थिक वर्ष २०८०/०८१ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ उल्लेखित चालू खर्च, पूँजीगत खर्च र समपुरक कोष रकम समेत गरी जम्मा रु. ५३,५४,९७,२३०/- (अक्षरुपी त्रिपन्न करोड चौवन्न लाख सन्तानब्बे हजार दुई सय तीस) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजनः (१) यस ऐन द्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक वर्ष २०८०/०८१ को निमित्त रुरुक्षेत्र गाउँपालिका, वडा समिति, र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त विनियोजन गरिनेछ ।
   (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा अपुग हुन देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट अर्को शिर्षकको जम्मा रकमको २५% मा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकमा सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च शिर्षकमा बाहेक अन्य चालू खर्च शिर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजन रकम व्याज भुक्तानी खर्च शिर्षक बाहेक अन्यत्र सार्न सकिने छैन ।
   तर चालू तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।
   (३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृति रकमको २५% भन्दा बढ्ने गरी एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनुपर्नेछ।

अनुसूची -१

दफा २ सँग सम्बन्धित

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संचित कोषबाट विनियोजन हुने रकम

| क्र.सं. | आम्दानी शिर्षक | प्रस्तावित बजेट | क्र.सं. | खर्च शिर्षक | प्रस्तावित बजेट |
|---|---|---|---|---|---|
| १ | वित्तीय समानीकरण अनुदान (नेपाल सरकार) | ८ करोड ५४ लाख | १ | संचालन खर्च | ६ करोड ५१ लाख ४३ हजार |
| २ | राजश्व बाँडफाँड (नेपाल सरकार) | ७ करोड १८ लाख ५३ हजार ९ सय | २ | पूर्वाधार विकास | ३ करोड ६५ लाख ५० हजार |
| ३ | वित्तीय समानिकरण अनुदान प्रदेश सरकार | ५८ लाख ७१ हजार | ३ | आर्थिक विकास | १ करोड ४६ लाख ७१ हजार |
| ४ | राजश्व बाँडफाँड प्रदेश सरकार | ४१ लाख २२ हजार ३ सय ३० | ४ | वन वातावरण तथा विपद् व्यवस्थापन | ५२ लाख |
| ५ | आन्तरिक आम्दानी<br>गाउँपालिकाको राजश्व आम्दानी -१ करोड २५ लाख | ५ करोड ९२ लाख | ५ | सामाजिक विकास | २ करोड ६५ लाख ३६ हजार |
| | गाउँपालिकाको अल्या आम्दानी - २ करोड ५० लाख<br>बहु बर्षीय आयोजना स्रोत सुनिश्चितताः २१७०० | | ६ | बहुवर्षीय योजनाहरु<br>-गाउँपालिका भवन व्यवस्थापन-१००००<br>-गुड प्रशोधन केन्द्र-२७००<br>-गाउँपालिका भवन आन्तरिक व्यवस्थापन ९००० | २ करोड १७ लाख |
| ६ | सशर्त अनुदान (नेपाल सरकार | २६ करोड १३ लाख | ७ | संस्थागत विकास क्षमता अभिवृद्धि र सुशासन | ३० लाख |
| ७ | सशर्त अनुदान (प्रदेश सरकार) | १ करोड ७ लाख ५० हजार | ८ | वित्तिय व्यवस्थापन (समपुरक अनुदान तर्फ) | ५ करोड ७० लाख |
| ८ | विशेष अनुदान (नेपाल सरकार) | १ करोड ३५ लाख | ९ | सशर्त अनुदान नेपाल सरकार | २६ करोड १३ लाख |
| ९ | विशेष अनुदान ((प्रदेश सरकार) | | १० | सशर्त अनुदान (प्रदेश सरकार) | १ करोड ७ लाख ५० हजार |
| १० | समपुरक कोष अनुदान (नेपाल सरकार) | १ करोड ३५ लाख | ११ | विशेष अनुदान (नेपाल सरकार) | १ करोड ३५ लाख |
| ११ | समपुरक कोष अनुदान (प्रदेश सरकार) | १ करोड | १२ | समपुरक कोष | ३७ लाख ४७ हजार २ सय ३० |
| | | | १३ | वडा कार्यालय अख्तियारी | १ करोड ६४ लाख |
| जम्मा आम्दानी | | ५३ करोड ५४ लाख ९७ हजार २ सय ३० | जम्मा खर्च | | ५३ करोड ५४ लाख ९७ हजार २ सय ३० |

प्रमाणिकरण मिति :२०८०/०३/१३

**आज्ञाले**

मधुकृष्ण पौड्याल

प्रमुख प्रशासकीय अधिकृत